***BMC Research Journal***
**ISSN:** 2795-1731
Peer-reviewed, Interdisciplinary
Open Access Journal
Indexed in NepJOL

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailalai, Nepal
**URL:** www.birendracampus.edu.np

*Research Article*

# कर्तव्य कथामा व्याकरणिक संसक्ति

**डा. केशव भुसाल**
उपप्राध्यापक
नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, नेपाल

*Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal*
*Publication: June 2024, Volume: 3. BMC Research Journal*
*Corresponding author: Keshab Bhusal, Ph.D., Email:* keshabbhusal.tu@gmail.com
*Copy right© The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).*

**लेखसार**

प्रस्तुत लेख आख्यानात्मक विधाअन्तर्गत पर्ने कथा विधामा प्रयुक्त व्याकरणिक संसक्तिको अध्ययनमा आधारित रहेको छ । यस लेखमा साहित्यकार गुरुप्रसाद मैनालीको कर्तव्य कथामा प्रयुक्त व्याकरणिक संसक्तिहरूको अध्ययन विश्लेषण गरिएको छ । यस क्रममा व्याकरणिक संसक्तिअन्तर्गत पर्ने सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन संसक्तिहरूको सूक्ष्म समीक्षण गरिएको छ । यस अध्ययनमा मूलतः भाषावैज्ञानिक हालिडे र हसनद्वारा प्रस्तुत संसक्तिसम्बन्धी सैद्धान्तिक अवधारणालाई अध्ययनीय आधारका रूपमा लिइएको छ । जसअन्तर्गत हालिडे र हसनले सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन जस्ता व्याकरणिकसंसक्तिको चर्चा गरेका छन् ।प्रस्तुत लेखमा कर्तव्य कथामा प्रयुक्त व्याकरणिक संसक्तिका यिनै विभिन्न भेदको अवेक्षण गरिएको छ र कथामा व्याकरणिक संसक्तिले खेलेको भूमिकाको व्याख्या विवेचन गरिएको छ । वस्तुतः प्रस्तुत लेख गुणात्मक अध्ययन विधिमा आधारित रही तयार पारिएको छ । यस अध्ययनका आधारमा कर्तव्य कथामा व्याकरणिक संसक्तिका सबै भेदहरूको प्रयोग गरिएको, प्रयुक्त भेदमध्ये सबैभन्दा बढी विलोपन, त्यसपछि संयोजन अनि सन्दर्भन र प्रतिस्थापन संसक्तिको प्रयोग गरिएको पाइएको छ । साथै कर्तव्य कथामा व्याकरणिक संसक्तिले dxत्jk"0f{ भूमिका निर्वाह गरेको देखिएको छ । यस अध्ययनबाट कथात्मक विधामा प्रयोग हुने व्याकरणिक संसक्ति र तिनको भूमिकाबारे जानकारी प्राप्त गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । साथै प्रस्तुत लेख सङ्कथनका क्षेत्रमा क्रियाशील एवम् रुचिकर सबैलाई उपयोगी हुने ठानिएको छ ।

***मुख्य शब्दावली :*** *सङ्कथन, आख्यान, संसक्ति, व्याकरणिक संसक्ति, व्याकरणिक संसक्तिका भेद ।*

## अध्ययनको पृष्ठभूमि

प्रस्तुत अध्ययनमा कथाकार गुरुप्रसाद मैनालीको कर्तव्य कथालाई भाषावैज्ञानिक हालिडे र हसन (सन् १९७६) द्वारा प्रस्तुत साङ्कथनिक संसक्तिको सैद्धान्तिक अवधारणाका आधारमा अध्ययन विश्लेषण गरिएको छ। वस्तुतः सङ्कथन विश्लेषणका सन्दर्भमा पाश्चात्य जगत्मा उल्लेख्य मात्रामा अध्ययन अनुसन्धान गरिएको पाइए पनि नेपालका सन्दर्भमा भने यसबारे गहन अध्ययन अनुसन्धान भएको पाइदैन। वास्तवमा साहित्यिक रचनाहरू साङ्कथनिक संम्बद्धकको युक्तियुक्त प्रयोग व्यवहारबाट मात्र सुसङ्गठित एवम् सुसंरचित हुने हुन्छन्। व्याकरणिक संसक्तिको अभावमा साहित्यिक रचनाका पाठहरू ग्राह्य बन्न सक्दैनन्, सृजना हुन सक्दैनन्। यही वस्तुतालाई हृदयङ्गम गरी प्रस्तुत अध्ययनमा व्याकरणिक संसक्तिलाई नवीन अनुसन्धेय विषयका रूपमा लिई अध्ययन विश्लेषण गरिएको छ।

मूलतः सङ्कथनमा वाक्यीय (जटिल), अन्तर्वाक्यीय सम्बन्ध दर्साउन आउने भाषिक युक्तिलाई संसक्ति भनिन्छ। संसक्तिले कथ्य वा लेख्य पाठभित्रका भाषिक एकाइ (वाक्यहरू) लाई परस्परमा सम्बन्धित तुल्याउने कार्य गर्दछ।स्टब्ज (सन् २००१ : ३०६) का अनुसार संसक्तिले पाठको सतही संरचनामा उपलब्ध हुने भाषिक विशेषतालाई निर्देश गर्दछ। विशेषत : संसक्ति युक्तिको अनुभूति भाषिक रूपमा हुन्छ र त्यो स्थुल भाषिक अभिव्यक्तिमा सघन रूपमा देखापर्छ। हालिडे र हसन (सन् १९९१ : २९३) का अनुसार कुनै पनि पाठमा पहिलो वाक्यबाहेकका प्रत्येक वाक्यमा संसक्तिको उपस्थिति रहेको हुन्छ। जसले पाठमा प्रस्तुत विचारलाई एकत्रितगर्न र पाठलाई पाठ्यात्मक बनाउन विशिष्ट सहयोग पुऱ्याउँदछ। ह्याच (सन् १९९४ : २२३) का अनुसार संसक्ति युक्तिको प्रयोग पाठका अंशलाई विशेष मार्गमा परम्परामा जोड्ने सिक्री वा डोरीका रूपमा गरिन्छ।संसक्तिले भाषिक अभिव्यक्ति वा पाठमा एकता र संयोजनीयताको भूमिका निर्वाह गर्दछ। यसलाई बुनोट अध्ययनको एउटा भागका रूपमा चर्चा गरिएको पाइन्छ। वाङ र गुओ (सन् २०१४) का अनुसारसंसक्तिको भूमिकाले बुनोटको सृजना गर्छ। यसले पाठ सृजनामा महत्त्वपूर्णसहयोग पुऱ्याउँदछ। साथै सङ्कथनका एक भाग र अर्को भागलाई निरन्तर अभिव्यक्त गर्दछ।साङ्कथनिकसंसक्तिले व्याकरिणक र कोशीय क्षेत्रलाई दर्साउँदछ। यो हरेक भाषामा तत्त्वहरूको सम्बन्धमा विद्यमान हुन्छ। थोराट (सन् २००२ : ०२) का अनुसार संसक्तिको सम्बन्ध दृश्य व्याकरणिक सङ्केतसँग हुन्छ जसले अभिव्यक्तिलाई जोड्ने किलाको काम गर्छ। यससम्बन्धी भाषिक-व्याकरिणक दक्षताको अभावमा श्रोता वा पाठकले महत्त्वपूर्ण संयोजन छुटाउन पुग्छ। परिणामस्वरूप व्यक्त आशयको बोधमा कठिनाइ पैदा हुन्छ।हालिडे र हसन (सन् १९९१ : ५) का अनसारसंसक्ति आंशिक रूपमा व्याकरणबाट र आंशिक रूपमा शब्दभण्डारबाट व्यक्त हुन्छ। यसबाट के अधिगत हुन्छ भने संसक्तिको एउटा प्रकार व्याकरणमा आधारित हुन्छ जसलाई व्याकरिणक संसक्ति भनिन्छ भने अर्को प्रकार शब्दार्थमा आधारित हुन्छ जसलाई कोशीय संसक्ति भनिन्छ। सङ्कथनको संरचनात्मक विषयसम्बद्ध संसक्तिलाई व्याकरिणक संसक्ति भनिन्छ। व्याकरिणक संसक्तिलाई वाक्यको सीमापार वाक्य-वाक्यका बीच अन्तर्भूत व्याकरणिक विशेषताका रूपमा व्याख्या गरिएको पाइन्छ। यसलाई साङ्कथनिक अवयव वा तत्त्वहरू (वाक्य, अनुच्छेदलगायत) लाई

परस्परमा जोड्ने युक्तिका रूपमा लिइन्छ । व्याकरणिक संसक्तिले सङ्कथनमा व्यक्त विषयलाई परस्परमा सम्बन्धित तुल्याउने सिक्रीको भूमिका निर्वाह गर्दछ । यसको मध्यमबाट साङ्कथनिक एकत्व र संसक्तता सृजना हुन्छ । परिणामस्वरूप सङ्कथन सङ्कथनका रूपमा र पाठ पाठका रूपमा दरिन पुग्छन् । वस्तुतः भाषावैज्ञानिक हालिडे र हसन (सन् १९७६) ले व्याकरणिक संसक्तिका आधारभूत प्ररूप उपलब्ध गराएका छन् । जसअन्तर्गत सन्दर्भन, प्रतिस्थानपन, विलोपन र संयोजन पर्दछन् । जसलाई व्याकरणिक संसक्तिका विशिष्ट प्रकार वा सैद्धान्तिक आधारका रुपमा लिइएको पाइन्छ । यीमध्ये सन्दर्भनअन्तर्गत व्यक्तिवाचक, दर्शकवाचक र तुलनात्मक सन्दर्भन, प्रतिस्थापनअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापन, विलोपनअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक विलोपन तथा संयोजनअन्तर्गत योगात्मक, विपरीतार्थी, कारणात्मक र कालिक संयोजन पर्दछन् । कथात्मक विधामा यी विविध किसिमका व्याकरणिक संसक्ति र तीअन्तर्गतका विभिन्न भेदहरूको प्रयोग व्यवहार गरिएको पाइन्छ । प्रस्तुत अध्ययनमा गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त व्याकरणिक संसक्ति, तिनको प्ररूपगत स्थिति र भूमिकाको सूक्ष्म अध्ययन गरिएको छ ।

## उद्देश्य कथन

प्रस्तुत अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) कर्तव्य कथामा प्रयुक्त व्याकरणिक संसक्तिको प्ररूपगत अध्ययन गर्नु

(ख) उक्त कथामा प्रयुक्त व्याकरणिक संसक्तिको स्थिति र भूमिकाको व्याख्या गर्नु ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा अनुसन्धान विधिको निकै महत्त्वपूर्ण भूमिका रहेको छ । जसले वैज्ञानिक र व्यवस्थितअनुसन्धानका लागि आवश्यक चरणहरू उपलब्ध गराएको छ । यस अध्ययनका क्रममा प्रयुक्त अनुसन्धान विधिलाई निम्न तीन भागमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ :

### (क) तथ्याङ्कको स्रोत

प्रस्तुत अध्ययनका लागिनिम्न स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ :

- यस अध्ययनमागुरुप्रसाद मैनालीको कर्तव्य कथाबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।
- वस्तुतः उक्त कथालाई अध्ययनीय तथ्याङ्कका रुपमा लिइएको छ ।

### (ख) तथ्याङ्क सङ्कलनको विधि र तरिका

प्रस्तुत अध्ययनमा निम्न चरणको अवलम्बन गरी तथ्याङ्क सङ्कलन गरिएको छ :

- तथ्याङ्क स्रोतको अध्ययन गरेर
- व्याकरणिक संसक्तिको टिपोट गरेर

- टिपोट गरिएका संसक्तिलाई व्याकरणिक संसक्तिको सैद्धान्तिक प्ररूपगत आधारमा समूहीकृत गरेर ।

### (ग) तथ्याङ्क विश्लेषणको विधि र तरिका

प्रस्तुत अध्ययनमा सङ्कलित तथ्याङ्कलाई मूलतः भाषावैज्ञानिक हालिडे र हसन (सन् १९७६) द्वारा प्रस्तुत साङ्कथनिक संसक्तिसम्बद्ध मान्यताका आधारमा परिमाणात्मक र गुणात्मक रुपमा विश्लेषण गरिएको छ । यस क्रममा निम्न तरिकाको अवलम्बन गरिएको छ :

- तथ्याङ्क स्रोतको पुनःटङ्कन
- सङ्कलित तथ्याङ्कलाई व्याकरणिक संसक्तिप्ररुपमा वर्गीकरण
- सङ्कलित तथ्याङ्कलाई व्याकरणिक संसक्तिअन्तर्गतका मुख्य भेद (सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन) र यीअन्तर्गतका विभिन्न उपभेदमा समूहीकरण
- कथाहरूमा प्रयुक्त कोशीयसंसक्तिको प्ररुपगत स्थिति र भूमिकाको पहिचान र अध्ययन ।

## परिणाम तथा छलफल

### कर्तव्य कथामा व्याकरणिक संसक्ति

कथाकार गुरुप्रसाद मैनालीको कर्तव्य कथामा व्याकरणिक संसक्तिअन्तर्गतका सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन संसक्तिको प्रयोग गरिएको पाइन्छ । यस कथामा सन्दर्भन संसक्तिअन्तर्गतका व्यक्तिवाचक, दर्शकवाचक र तुलनात्मकसन्दर्भक, प्रतिस्थापन संसक्तिअन्तर्गतका नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापक, विलोपन संसक्तिअन्तर्गतका नामिक, क्रियात्मक र उपवाक्यात्मक विलोपक तथा संयोजन संसक्तिअन्तर्गतका योगात्मक, विपरीतार्थी, कारणात्मक र कालिक संयोजकहरूको प्रयोग गरिएको छ । कर्तव्य कथामा प्रयुक्त व्याकरणिक संसक्ति र यीअन्तर्गतका विविध भेदहरूको प्रयुक्तिगत अवस्थाको अध्ययन निम्नानुसार गरिएको छ :

### सन्दर्भ

गुरुप्रसाद मैनालीको कर्तव्यकथामा व्याकरणिक संसक्तिअन्तर्गत पर्ने सन्दर्भन संसक्तिको प्रयोग गरिएको छ । सिद्धान्ततः सन्दर्भन संसक्तिले सङ्कथन वा पाठमा प्रस्तुत विषय, घटना, स्थान वा सहभागीलाई जनाउने कार्य गर्दछ । यसका व्यक्तिवाचक, दर्शकवाचक र तुलनात्मक गरी तीन प्रकार हुन्छन् । जसले सङ्कथन वा पाठमा पूर्व वा पश्च रुपमा आई व्यक्ति वस्तु वा विषयलाई सन्दर्भित गर्दछन् । कर्तव्य कथामा यसका तीन वटै भेदहरूको प्रयोग गरिएको पाइन्छ ।जसअन्तर्गतउनी, आफ्नू, आफूलाई, तिनीहरूकै जस्ता व्यक्तिवाचक सन्दर्भकहरू, त्यस, यही, त्यहाँ, यिनै, यी जस्ता दर्शकवाचक सन्दर्भकहरू र बराबर, बर्ता, ज्ञानवान् जस्ता तुलनात्मक सन्दर्भकहरूकोा प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त उल्लिखित सन्दर्भन संसक्तिहरूले कथामा प्रस्तुत व्यक्ति, वस्तु वा विषयलाई पूर्व र पश्च रुपमा दर्साई व्यक्त विचारलाई परस्परमा जोड्ने सिक्रीको भूमिका

निर्वाह गरेका छन् । कर्तव्य कथामा प्रयुक्त सन्दर्भन संसक्तिको समग्र स्थितिलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

*तालिका : १ कर्तव्य कथामा प्रयुक्त सन्दर्भन संसक्तिको समग्र स्थिति*

| सन्दर्भन संसक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्यक्तिवाचक सन्दर्भक | ९२ | ८०.७०% |
| दर्शकवाचक सन्दर्भक | १७ | १४.९१% |
| तुलनात्मक सन्दर्भक | ५ | ४.३८% |
| | जम्मा : ११४ | |

यसप्रकार 'कर्तव्य' कथामा प्रयुक्त सन्दर्भन संसक्तिमध्ये व्यक्तिवाचक सन्दर्भकको प्रयोग अन्यका तुलनामा अधिक अर्थात् ८०.७०% रहेको देखिन्छ भने दर्शकवाचक र तुलनात्मक सन्दर्भकको प्रयोग क्रमशः १४.९१% र ४.३८% रहेको पाइन्छ ।

**प्रतिस्थापन**

कथाकार गुरुप्रसाद मैनालीको कर्तव्य कथामा विभिन्न पद, पदावली तथा उपवाक्यलाई स्थानापन्न गर्ने प्रतिस्थापन संसक्तिको प्रयोग गरिएको पाइन्छ । वस्तुतः यसका नामिक, क्रियात्मक र उपवाक्यात्मक गरी तीन प्रकार रहेका छन् । कर्तव्य कथामा यी तीनै प्रकारका प्रतिस्थापन संसक्तिको प्रयोग गरिएको छ । जसअन्तर्गतमुखिया बा, बूढा, बाबु, धन्वन्तरि, छोराहरू जस्ता नामिक प्रतिस्थापकहरू, लागे, डाकेनन्, भनिठान्लान् जस्ता क्रियात्मक प्रतिस्थापकहरू र ठीक भन्यौ, त्यसको, त्यो जस्ता उपवाक्यात्मक प्रतिस्थापकहरूको प्रयोग गरिएको पाइन्छ । कर्तव्य कथामा प्रयुक्त तथोक्त विविध प्रकृतिका प्रतिस्थापकहरूले पूर्वप्रस्तुत नाम, क्रिया र उपवाक्यलाई स्थानापन्न गरी सोही तात्पर्यमै कार्य सम्पादन गरेर पूर्वपश्च आशयलाई परस्परमा सम्बन्धित तुल्याएका छन् । जसको परिणामस्वरुप कर्तव्य कथा थप संसक्त बन्न पुगेको देखिन्छ । प्रस्तुत कथामा प्रयुक्त प्रतिस्थापनसंसक्तिको समग्र स्थितिलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका : २ कर्तव्य कथामा प्रयुक्तप्रतिस्थापन संसक्तिको समग्र स्थिति*

| प्रतिस्थापन संसक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नामिक प्रतिस्थापन | १० | ९२.५९% |
| क्रियात्मक प्रतिस्थापन | ४ | ३.७०% |
| उपवाक्यात्मक प्रतिस्थापन | ४ | ३.७०% |
| | जम्मा : १०८ | |

यसप्रकार 'कर्तव्य' कथामा प्रयुक्त प्रतिस्थापन संसक्तिमध्ये नामिक प्रतिस्थापनको अत्यधिक अर्थात् ९२.५९% प्रयोग गरिएको पाइन्छ भने क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापनको प्रयोग बराबर अर्थात् ३.७०% रहेको देखिन्छ ।

## विलोपन

कथाकार गुरुप्रसाद मैनालीको कर्तव्य कथामा कतिपय पद, पदावली तथा उपवाक्यहरूलाई शून्य रुपमा दर्साउन विलोपन संसक्तिको प्रयोग गरिएको छ । यस कथामा विलोपनसंसक्तिका नामिक, क्रियात्मक र उपवाक्यात्मक प्ररुपहरूको प्रयोग व्यवहार भएको पाइन्छ । जसमध्ये नामिक विलोपकबाट नामिक पद तथा पदावली, क्रियात्मक विलोपकबाट क्रियात्पक पद र उपवाक्यात्मक विलोपकबाट उपवाक्यहरूको विलोपन भएको देखिन्छ । जसअन्तर्गतउनले, गरीबहरूलाई, अन्नपैसा, उनी, घरको जस्ता नामिक शब्दहरू, समाउँथे, थिए, हो जस्ता क्रियापदहरू, श्रीधरको पक्ष लिए, ठिटाहरूले ऐनको पक्ष लिए, म जन्त जान लागेको हुँ जस्ता उपवाक्यहरूको विलोपन भएको देखिन्छ । कर्तव्य कथामा विलुप्त उल्लिखित प्रकृतिका नामिक शब्द तथा क्रियापदहरूलाई कथामा प्रयुक्त पूर्ववर्ती नाम र क्रियाका आधारमा पहिचान गर्न सकिन्छ भने उपवाक्यहरूलाई उपवाक्यअन्तर्गतका शीर्ष एकाइका आधारमा पहिचान्न सकिन्छ । कर्तव्य कथामाविलुप्त नाम, क्रिया र उपवाक्यलाई कथागत प्रसङ्गनका आधारमा अध्याहार गरी व्यक्त आशयको बोध गर्न सकिन्छ ।यस कथाहरूमा व्यवहृतविलोपन संसक्तिको प्रयोग व्यवहारबाट कथात्मक संरचना थप संसक्त बन्न पुगेको देखिन्छ । प्रस्तुत कथामा प्रयुक्त विलोपन संसक्ति र यसको प्रयुक्तिगत स्थितिलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका : ३ कर्तव्य कथामा प्रयुक्त विलोपन संसक्तिको समग्र स्थिति*

| विलोपन संसक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नामिक विलोपन | १२८ | ८५.९०% |
| क्रियात्मक विलोपन | १३ | ८.७२% |
| उपवाक्यात्मक विलोपन | ८ | ५.३६% |
| | जम्मा : १४९ | |

यसप्रकार 'कर्तव्य' कथामा नामिक विलोपनको स्थिति अन्यका तुलनामा अत्यधिक अर्थात् ८५.९०% रहेको देखिन्छ भने क्रियात्मक तथा उपवाक्यात्मक विलोपन प्रयोगको स्थिति क्रमशः ८.७२% र ५.३६% रहेको देखिन्छ ।

## संयोजन

कथाकार गुरुप्रसाद मैनालीको कर्तव्य कथामा प्रयुक्त कतिपय उपवाक्य तथा वाक्यहरूलाई परस्परमा योजन गर्नका लागि विभिन्न प्रकारका संयोजकहरूको प्रयोग गरिएको पाइन्छ । सिद्धान्ततः संयोजन संसक्तिका योगात्मक, विपरीतार्थी, कारणात्मक र कालिक संयोजक गरी चार प्रकार रहेका छन् । कर्तव्य कथामा यी चारै प्रकारका संयोजक संसक्तिहरूको प्रयोग व्यवहार गरिएको पाइन्छ । जसअन्तर्गतर, या, जुन-त्यही, पनि, उसमाथि जस्ता योगात्मक संयोजकहरू, भए पनि, तर, नभए पनि, खालि जस्ता विपरीतार्थी संयोजकहरू, भने, भन्ने, यस प्रकारले, त्यसो हुनाले, भनेर जस्ता कारणात्मक संयोजकहरू, नौदिन, सधैं, सुन्नेवित्तिकै, जीवनकालमा, सुन्नासाथ जस्ता कालिक संयोजकहरूको प्रयोग-व्यवहार भएको पाइन्छ । कर्तव्य कथामा प्रयुक्तउल्लिखित विभिन्न प्रकारका संयोजक संसक्तिहरूले कथाका विभिन्न वाक्यहरूमा प्रयुक्त भई कथाका पूर्वपश्च वाक्यहरूलाई

परस्परमा संयोजन गर्ने कार्य गरेका छन् । जसका माध्यमबाट प्रस्तुत कथाको संरचना सुदृढ एवम् सुसंरचित बन्न पुगेको छ ।कर्तव्य कथामा प्रयुक्त संयोजन संसक्तिको समग्र स्थितिलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

*तालिका : ४ कर्तव्य कथामा प्रयुक्त संयोजन संसक्तिको समग्र स्थिति*

| संयोजन संसक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| योगात्मक संयोजक | २६ | १९.६९% |
| विपरीतार्थी संयोजक | ६ | ४.५४% |
| कारणात्मक संयोजक | ३४ | २५.७५% |
| कालिक संयोजक | ६६ | ५०% |
| | जम्मा : १३२ | |

यसप्रकार 'कर्तव्य' कथामा प्रयुक्त संयोजन संसक्तिमध्ये कालिक संयोजकको प्रयोग अत्यधिक अर्थात् ५०% रहेको देखिन्छ भने योगात्मक, विपरीतार्थी र कारणात्मक संयोजकको प्रयोग क्रमशः १९.६९%, ४.५४% र २५.७५% रहेको देखिन्छ ।

सारतः कर्तव्य कथामा प्रयुक्त व्याकरणिक संसक्तिको अवस्थालाई निम्नानुसार देखाउन सकिन्छ :

*तालिका ५ : 'कर्तव्य' कथामा प्रयुक्त व्याकरणिक संसक्तिको समग्र स्थिति*

| व्याकरणिक संसक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सन्दर्भन | ११४ | २२.६६% |
| प्रतिस्थापन | १०८ | २१.४७% |
| विलोपन | १४९ | २९.६२% |
| संयोजन | १३२ | २६.२४% |
| | जम्मा : ५०३ | |

यसप्रकार 'कर्तव्य' कथामा प्रयोग गरिएका व्याकरणिक संसक्तिमध्ये विलोपन संसक्तिको अधिक अर्थात् २९.६२% प्रयोग गरिएको पाइन्छ भने सन्दर्भन, प्रतिस्थापन र संयोजन संसक्तिको प्रयोग क्रमशः २२.६६, २१.४७ र २६.२४% गरिएको देखिन्छ ।

**व्याख्या**

प्रस्तुत अध्ययनको मूलभूत उद्देश्यकर्तव्य कथामा प्रयुक्त व्याकरणिक संसक्तिको अध्ययन गरी तिनको प्रयोगपरक स्थिति र भूमिकाको अध्ययन गर्नु रहेको थियो । प्रस्तुत अध्ययनका आधारमा हेर्दा कर्तव्य कथामाभाषावैज्ञानिक हालिडे र हसन (सन् १९७६) द्वारा प्रस्तुत व्याकरणिक संसक्तिका चार प्ररुप : सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन संसक्तिको प्रयोग गरिएको पाइन्छ । जसमध्ये सन्दर्भन संसक्तिअन्तर्गत सबैभन्दा बढी व्यक्तिवाचक सन्दर्भकको प्रयोग (८०.७० प्रतिशत) र तत्पश्चात् क्रमशः दर्शकवाचक(१४.९१ प्रतिशत) र तुलनात्मक सन्दर्भकको प्रयोग (४.३८ प्रतिशत) भएको देखिन्छ भने प्रतिस्थापन संसक्तिअन्तर्गत सबैभन्दा बढी नामिक प्रतिस्थापनको प्रयोग (९२.५९ प्रतिशत) र तत्पश्चात् क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापनको समान प्रयोग (३.७० प्रतिशत) भएको पाइन्छ । त्यस्तै विलोपन संसक्तिअन्तर्गत सबैभन्दा बढी नामिक विलोपनको प्रयोग व्यवहार (

८५.९० प्रतिशत) र तत्पश्चात् क्रमशः क्रियात्मक (८.७२ प्रतिशत) र उपवाक्यात्मक विलोपनको प्रयोग(५.३६ प्रतिशत) भएको पाइन्छ भने संयोजन संसक्तिअन्तर्गत सबैभन्दा बढी कालिक संयोजकको प्रयोग (५० प्रतिशत) र तत्पश्चात् क्रमशः कारणात्मक (२५.७५ प्रतिशत), योगात्मक ( १९.६९ प्रतिशत) र विपरीतार्थी संयोजकको प्रयोग (४.५४ प्रतिशत) गरिएको देखिन्छ । समग्रगत आधारमा अवेक्षण गर्दा कर्तव्य कथामा प्रयुक्त व्याकरणिक संसक्तिमध्ये विलोपन संसक्तिको अधिक प्रयोग अर्थात् २९.६२% गरिएको पाइन्छ भने सन्दर्भन, प्रतिस्थापन र संयोजन संसक्तिको प्रयोग क्रमशः २२.६६, २१.४७ र २६.२४% गरिएको देखिन्छ ।

कर्तव्य कथामा प्रयुक्त तथोक्त विविध प्रकृतिका सन्दर्भन संसक्तिले सम्बन्धित कथाहरूमा आई संरचनात्मक सिक्रीको कार्य सम्पादन गरेका छन् । यस क्रममा सन्दर्भन संसक्तिले पूर्वपश्च रुपमा प्रस्तुत वस्तु, व्यक्ति र विषयलाई सन्दर्भित गरेर, प्रतिस्थापन संसक्तिले मूलतः पूर्वप्रस्तुत व्यक्ति, वस्तु र विषयलाई विभिन्न शब्दद्वारा स्थानापन्न गरेर, विलोपन संसक्तिले पूर्वप्रस्तुत वस्तु, व्यक्ति र विषयलाई शून्य रुपमा दर्साएर र संयोजन संसक्तिले दुई वा सोभन्दा बढी उपवाक्यहरूलाई परस्परमा संयोजन गरेर कथात्मक संरचनालाई एकीकृत तुल्याएका छन् । जसको परिणामस्वरुप कर्तव्य कथा सुगठित एवम् संसक्त बन्न पुगेको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनबाट प्राप्त परिणामका आधारमा हेर्दा गुरुप्रसाद मैनालीको कर्तव्य कथामा प्रयुक्त व्याकरणिक संसक्ति र तिनको प्रयोगगत अवस्था सम्बन्धमा केही महत्त्वपूर्ण तथ्यहरू प्राप्त भएका छन् । वस्तुतः कर्तव्य कथामा व्याकरणिक संसक्तिका चार वटै प्ररुप : सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन संसक्तिको प्रयोग गरिएको छ । यस क्रममा सन्दर्भन संसक्तिअन्तर्गत व्यक्तिवाचक सन्दर्भन, दर्शकवाचक सन्दर्भन र तुलनात्मक सन्दर्भन, प्रतिस्थापन संसक्तिअन्तर्गत नामिक प्रतिस्थापन, क्रियात्मक प्रतिस्थापन र उपवाक्यात्मक प्रतिस्थापन, विलोपन संसक्तिअन्तर्गत नामिक विलोपन, क्रियात्मक विलोपन र उपवाक्यात्मक विलोपन तथा संयोजन संसक्तिअन्तर्गत योगात्मक संयोजन, विपरीतार्थी संयोजन, कारणात्मक संयोजन र कालिक संयोजनको प्रयोगगरिएको छ । प्रस्तुत कथामा प्रयुक्त समग्र व्याकरणिक संसक्तिको स्थितिलाई अवेक्षण गर्दा अन्य संसक्तिका तुलनामा विलोपनसंसक्तिको अत्यधिक प्रयोग गरिएको पाइन्छ भने व्याकरणिक संसक्तिका प्ररूपगत भेद प्रयोगको अवस्थालाई दृष्टिगत गर्दा

सन्दर्भन संसक्तिअन्तर्गत व्यक्तिवाचक सन्दर्भन, प्रतिस्थापन संसक्तिअन्तर्गत नामिक प्रतिस्थापन, विलोपन संसक्तिअन्तर्गत नामिक विलोपन र संयोजन संसक्तिअन्तर्गत कालिक संयोजनको अधिक प्रयोग गरिएको देखिन्छ । यस आधारमा नेपाली भाषाका आख्यानात्मक विधाका पाठ वा रचनाहरूमा व्याकरणिक संसक्तिअन्तर्गत सन्दर्भन संसक्तिको अत्यधिक प्रयोग हुने र यसअन्तर्गतका विविध भेद प्रयोगका सन्दर्भमा व्यक्तिवाचक सन्दर्भन, नामिक प्रतिस्थापन, नामिक विलोपन र कालिक संयोजनको उल्लेख्य प्रयोग हुने कुरा अधिगत गर्न एवम् साधारणीकरण गर्न सकिन्छ । साथै आख्यानात्मक विधाका पाठ वा रचनालाई सांरचनिक दृष्टिले सुगठित र सङ्गठित तुल्याउन व्याकरणिक संसक्तिको समुचित प्रयोग गर्नुपर्ने सुझ प्राप्त गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री

कुक, गाइ (सन् १९९६), *डिस्कोर्स,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस् ।

थोराट, अशोक (सन् २००२), *अ डिस्कोर्स एनलाइसिस अफ फाइभ इन्डियन नोभल्स,* न्यु दिल्ली : म्याकमिलन ।

नुनन, डेभिड (सन् १९९३), *इन्ट्रोड्युसिङ डिस्कोर्स एनलाइसिस,* लन्डन : पेन्गुइन बुक्स ।

बुजा, एलिना (सन् २०१०), द डिस्कोर्स एनलाइसिस अफ अ न्युजपेपर आर्टिकल, *एक्टा युनिभर्साइटाटिस सपिएनटिआ, फिलोलोजिका* २ (२),२५९-२७१

मार्टिन्स्, डना एम. (सन् २०१५ )*रिसर्च एन्ड इभालुएसन इन एजुकेइसन एन्ड साइकलजी इन्टेग्रेटिङ् डाइभर्सिटी विद क्वान्टिटेटिभ, क्वालिटेटिभ एन्ड मिक्स्ड मेथड्स्* (चौथो संस्करण),लन्डन : सेज पब्लिकेसन ।

वाङ् र गुओ (सन् २०१४) अ सर्ट एनलाइसिस अफ डिस्कोर्स कोहिरन्स, *जर्नल अफ ल्याङ्ग्विज टिचिङ एन्ड रिसर्च,*५ (२) ४६०-६५।

स्टब्ज, माइकल (सन् १९८३), *डिस्कोर्स एनलाइसिस द सोसिओ लिङ्ग्विस्टिक एनलाइसिस अफ नेचरल ल्याङ्ग्विज,* लन्डन :  ब्ल्याकवेल ।

हालिडे, एम.ए.के. र हसन रुकैया (सन् १९७६), *कोहिजन इन इङ्गलिस,* लन्डन : लङ्गम्यान ।

हालिडे, एम.ए.के. र हसन रुकैया (सन् १९९१), *ल्याङ्ग्विज कन्टेक्स्ट एन्ड टेक्स्ट : आस्पेक्ट अफ ल्याङ्ग्विज इन अ सोसिअल सेमिओटिक पर्सपेक्टिभ,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

ह्याच, एभ्लिन (सन् १९९४), *डिस्कोर्स एन्ड ल्याङ्ग्विज एजेकसन,* लन्डन : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।